## सामाजिक सुरक्षा भनेको केहो?

सामाजिक सुरक्षा भनेको स्वास्थ्योपचारको पहुँच सुनिश्चित गर्न र खास गरी वृद्ध, बेरोजगार, बिरामी, अपाङ्ग, चोटपटक, सुत्केरी तथा कमाएर ख्वाउने व्यक्तिको निधन हुँदाको अवस्थामा व्यक्ति तथा परिवाररूलाई आम्दानी सुरक्षाको प्रत्याभूति दिलाउनका लागि समाजले दिने संरक्षण हो ।

## सामाजिक सुरक्षासम्बन्धी तथ्यहरू

- विश्वमा हरेक पाँचजनामध्ये एकजनाले मात्र पर्याप्त मात्रामा सामाजिक सुरक्षा पाएका छन् भने विश्वकै आधा जनसंख्या सामाजिक सुरक्षाविहीन छन् ।

- बहुसंख्यक उपसहारा तथा दक्षिण एसियाली मुलुकहरूमा १० प्रतिशतभन्दा कम कामदारहरूले सामाजिक सुरक्षा पाएका छन् ।

- सामाजिक सुरक्षा बिस्तारको अभाव अनौपचारिक अर्थतन्त्र, जहाँ महिलाहरूले काम गर्ने बढी सम्भावना हुन्छ, मा मुख्यतः केन्द्रित छ ।

- सबै नागरिकहरूलाई पेन्सन तथा स्वास्थ्य सुबिधा प्रदान गर्न सम्भव भएको कुरा मध्यमस्तरीय आम्दानी भएका विभिन्न मुलुकहरू (जस्तै - गणतन्त्र कोरिया, कोस्टा रिका, ट्युनिसिया) ले देखाएका छन् ।

- निम्नस्तरीय आम्दानी भएका केही मुलुकहरूले सरकार तथा सामुदायिक संस्थाहरूबीचको सहकार्य मार्फत सामाजिक सुरक्षाको बिस्तारमा प्रगति हासिल गरेका छन् ।

## सामाजिक सुरक्षा...

*कामदारहरू, तिनका परिवार तथा समुदायका लागि विश्वव्यापी आवश्यकता हो ।*

*सामाजिक ऐक्यवद्धता सिर्जना गर्नका लागि एक आवश्यक साधन हो ।*

*सरकारी सुरक्षा नीतिको एक अपरिहार्य अंश हो ।*

*गरिबी रोकथाम तथा निवारण गर्नका लागि एक शक्तिशाली औजार हो ।*

*मानवीय मर्यादा, समानता तथा सामाजिक न्याय हासिल गर्नका लागि एक साधन हो ।*

**... आधारभूत मानव अधिकार हो ।**

### थप जानकारीका लागि


फोनः (+ 41 22) 799 6635

फयाक्सः (+ 41 22) 799 7962

ईमेलः socpol@ilo.org

http://www.ilo.org/coverage4all


अन्तर्राष्ट्रिय श्रम कार्यालय

विश्वव्यापी आवश्यकता



विश्वव्यापी चुनौती

# सबैका लागि सामाजिक सुरक्षा

**सबैका लागि सामाजिक सुरक्षा माथिको पहुँच विषयक विश्वव्यापी अभियान**

## थोरैले मात्र उपभोग गर्दै आएको आधारभूत अधिकार...

सामाजिक सुरक्षाले अन्तर्राष्ट्रिय सम्झौताहरूमा विश्वव्यापी मानवअधिकारको रूपमा मान्यता पाएको छ । तर अझै पनि विश्वमै हरेक पाँचजनामा एकजनाले मात्र यो अधिकार पर्याप्त मात्रामा उपभोग गर्न पाएका छन् भने विश्वकै आधाभन्दा बढी जनसंख्याको सामाजिक सुरक्षाको संरक्षण बिल्कुलै भएको छैन ।

## प्रगतिको आधारशिला...

सामाजिक सुरक्षाले आर्थिक विकासमा योगदान पुर्‍याउँछ । यो गरिबी रोकथाम तथा निवारण गर्ने शक्तिशाली औजार हो । सामाजिक सुरक्षाले सामाजिक ऐक्यवद्धतामा वृद्धि गराई विश्वमै उत्पादकत्व बढाउँछ ।

## नयाँ सहमति...

सन् २००१ मा आयोजित अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा भेला भएका सरकार, कामदार तथा रोजगारदाता संस्थाका प्रतिनिधिहरू सामाजिक सुरक्षासँग सम्बद्ध एउटा नयाँ सहमतिमा पुगेका थिए । "विद्यमान प्रणालीले नसमेटेकाहरूलाई सामाजिक सुरक्षा दिन सक्ने नीति तथा पहललाई" उच्च प्राथमिकता दिनुपर्ने कुरामा उनीहरू सहमत भएका थिए ।

*यसरी नै सो सम्मेलनले सामाजिक सुरक्षा पहुँचको बिस्तारलाई प्रवर्द्धन गर्नका लागि एउटा मूल अभियान आरम्भ गर्न अन्तर्राष्ट्रिय श्रम कार्यालयलाई निर्देशन दिएको थियो ।*

*"सुरक्षा उचित कार्यएजेन्डाको आवश्यक तत्व हो भने सामाजिक सुरक्षा यसलाई हासिल गर्ने मूल उपाय हो । तसर्थ विश्वव्यापकत्वको लक्ष्य लिई हामीले आफ्नो क्षमता अभिवृद्धि गर्ने कामलाई निरन्तरता दिनुपर्छ ।"*

जुआन सोमाभिया
महानिर्देशक
अन्तर्राष्ट्रिय श्रम कार्यालय

# सबैका लागि सामाजिक सुरक्षा माथिको पहुँच विषयक विश्वव्यापी अभियान

### सामाजिक सुरक्षाबारेको समग्र बुझाइमा सुधार ल्याउने...

- सामाजिक सुरक्षाको बिस्तार सम्बन्धमा अनुसन्धान गर्ने,
- विश्वकै सर्वोत्तम अभ्यासहरूको अभिलेख राख्ने,
- पूरा नभएका सामाजिक सुरक्षासम्बन्धी आवश्यकताहरूको बुझाइमा वृद्धि गर्ने,
- अनौपचारिक अर्थतन्त्रमा आधारित कामदारहरूसम्म पुग्न नयाँ संयन्त्रहरूको विकास गर्ने,
- सामाजिक सुरक्षा बिस्तार गर्न आवश्यक निर्देशिका सिर्जना गर्ने ।

### सामाजिक सुरक्षा बिस्तारमा ठोस सुधारहरु हासिल गर्ने...

हाल अन्तर्राष्ट्रिय श्रम कार्यालयले सामाजिक सुरक्षाको बिस्तारका लागि ३० भन्दा बढी मुलुकहरूलाई प्राविधिक सहयोग प्रदान गरिरहेको छ ।

- यी क्रियाकलापहरू निम्नलिखित कुरामा केन्द्रित छन्-
- पूरा नभएका सामाजिक सुरक्षा आवश्यकताहरूको पहिचान तथा तिनलाई पूरा गर्ने तरिकाहरूको विकास,
- तालिम तथा सरोकारवालाहरूसँग नीतिगत छलफल,
- संस्थाहरू तथा सामाजिक सम्वादको सवलीकरण,
- कार्ययोजना तर्जुमा तथा कार्यान्वयन,
- सहयोगी व्यक्तिहरू तथा संस्थाहरूको सञ्जाल स्थापना,
- नतिजाहरूको अनुगमन तथा मूल्याङ्कन ।

### प्रमुख पात्रहरुको सचेतना अभिवृद्धि गर्ने तथा उनीहरुलाई परिचालन गर्ने...

- सरकारहरू, कामदार तथा रोजगारदाता सस्थाहरू,
- सामाजिक सुरक्षामा संलग्न संस्थाहरू तथा नागरिक समाज संस्थाहरू,
- अन्तर्राष्ट्रिय संस्थाहरू तथा दातृ राष्ट्रहरू ।

### नेपालमा राष्ट्रिय अभियानको उद्घोष...

- सामाजिक सुरक्षा-अभियानको थालनीकालागि एशिया क्षेत्रबाट नेपाल छनौट भएको,
- यस सप्ताहव्यापी अभियानका लागि मार्च २२-२६, २००४ निर्धारण,
- दुई दिने प्राविधिक गोलमेच छलफल तथा राष्ट्रय भेला यस अभियानका महत्वपूर्ण पक्ष हुने ।

विश्वव्यापी आवश्यकता



विश्वव्यापी चुनौती